



# राष्ट्रिय कफी सम्मेलन तथा प्रर्दशनी २०८० सम्पन्न



देवि रिजाल दिपिका

**कफी क्षेत्र विकास प्रवर्द्धनका लागि आवश्यक निति तथा ऐन उपरको पैरवी तथा अन्तरकृयात्मक कार्यक्रम अर्थात यसै बिचको पेनल डिस्कसन तथा प्रस्तुतीकरणहरु पनि संचालन गरिएको थियो । जस अर्न्तगत २ दिन सम्म २ वटा पेनल डिस्कसन संचालन गरिएको थियो ।**

नेपाल कफी व्यवसायी महासंघले आयोजना गरेको ४ दिने राष्ट्रिय कफी सम्मेलन तथा प्रदर्शनी २०८० असार २ गतेदेखी ५ गतेसम्म चलेको थियो । ४ दिन सम्म चलेको सम्मेलन तथा प्रदर्शनीले नेपाली कफीको स्वदेशी प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने आयोजक पक्षको विश्वास छ । समापन समारोहलाई मुख्य सम्बोधन कृषि तथा पशुपक्षी मन्त्री वेदुराम भुसालले गरेका छन् । मेलामा विभिन्न जिल्लामा उत्पादन भएका कफी, कफी व्यवसायी, कफीको क्षेत्रमा उपलब्ध प्रविधि बिक्री एवं प्रदर्शनी तथा प्रतिष्पर्धात्मक गतिविधिहरू सञ्चालन गरिएको थियो ।

समापनको अवसर पारेर कफीको प्रवर्द्धन एवं उत्पादनमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यवसायी एवं संघ-संस्थाहरूलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गरिएको थियो । राष्ट्रिय कफी सम्मेलन तथा प्रर्दशनी २०८० नेपालको कफी वृद्धिलाई बढावा दिने, नेपाली कफीको अन्तर्राष्ट्रिय मान्यतालाई बलियो बनाउने र आन्तरिक एवं बाह्यबजार प्रर्वद्धन गर्ने, कफी उत्पादक क्षेत्रहरुमा आर्थिक विकास र सामाजिक उत्थानका लागि अवसरहरु सिर्जना गर्ने परिवर्तनकारी कार्यक्रम हुने र यसले ज्ञान-साझेदारी, सहयोग र नवीनताको लागि अवसरहरु सिर्जना गर्नेछ, र अन्ततः संलग्न सबै सरोकारवालाहरुलाई फाइदा पुर्याउनेछ भन्ने बिश्वासका साथ आयोजना गरिएको थियो ।

**राष्ट्रिय कफी सम्मेलन तथा प्रर्दशनी २०८० उद्घाटन समारोहमा के-के भयो त ?**

उक्त कार्यक्रममा अन्य रोचक कार्यक्रमहरु जस्तै विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय कफी विशेषज्ञहरुद्धारा कफीको सम्भावना तथा बजारको बारेमा समेत जानकारी गराईएको थियो । कफी क्षेत्र विकास प्रवर्द्धनका लागि आवश्यक निति तथा ऐन उपरको पैरवी तथा अन्तरकृयात्मक कार्यक्रम अर्थात यसै बिचको पेनल डिस्कसन तथा प्रस्तुतीकरणहरु पनि संचालन गरिएको थियो । जस अर्न्तगत २ दिन सम्म २ वटा पेनल डिस्कसन संचालन गरिएको थियो ।

भारतबाट विशिष्ट अतिथिको रुपमा आएकि पृजा जैन, कर्ली ब्रिउको संस्थापक रहेकि छिन्, कफीको मेला तथा सम्मेलनमा उनले नेपालमा कफीको निकै राम्रो सम्भावना भएको बताइन्, आँफुले नेपालको कफीको प्रसार र बजार व्यवस्थापन गर्न सधैं लागिरहेने बताइन्, कफी संस्कृति, कफी प्रविधि, महिला सशक्तिकरण र नेपालको कफी उद्योगको उत्थानमा डिजिटल मार्केटिङको भूमिकाका हरेर सहयोग गरिरहने बताइन् । महिला उद्यमीहरूले सामना गर्नुपरेका चुनौतीहरूमा समेत धारणा राखेकी थिइन् । कफी क्षेत्रका उद्योगलाई माथि उठाउन र कफीको माध्यमबाट भारत र नेपाल बीचको बलियो सम्बन्धलाई प्रवर्द्धन गर्न र महिला सशक्तिकरणको प्रवर्द्धनमा डिजिटल

# यस्तो छ कफीको इतिहास



विश्वमा रहेक दिन २ अर्ब कप भन्दा धेरै कफी पिइन्छ। केबल बेलायतमा मात्रै दैनिक साढे नौ करोड कप कफीको प्रयोग हुन्छ। बेलायतमा बिहान देखि बेलुकासम्म उत्तिकै मात्रामा कफी खपत हुन्छ। तर आजभन्दा साढे ४ सय वर्षअघि पश्चिम युरोपमा सायदै कसैले कफीको नाम सुनेको थिएन। ११ औं शताब्दीमा इथोपियाको जंगलमा बाखाले सधै एक प्रकारको पात र फल खाएर दिनदिनै मोटाउँदै गएको र फुर्तिलो बन्दै गएको कुरा बाखा गोठालो कल्दीले पत्ता लगाएपछि वैज्ञानिकले उक्त फल कफी भएको भनेर पत्ता लगाएको ईतहास छ।

कफीको इतिहास इथियोपियासँग जोडिएको छ। त्यहाँका जंगलमा यसका बिरुवा निकै तिब्र गतिले हुर्किन्छन्। तर विस्तारै मानिसहरुको ध्यान यसतर्फ मोडियो। मानिसहरुले विस्तारै थाहा पाए कि यो सुख्खा फललाई भुटेर पिँधेपछि यसलाई पिउने काममा प्रयोग गर्न सकिन्छ। अनि यो पेय पदार्थको तलतली पनि लाग्छ भन्ने कुरा मानिसहरुले थाहा पाए। विस्तारै कफी पिउनेहरुमा यसको चर्चा बढ्न थाल्यो।

पश्चिमी देशहरुमा कफी पिउनेहरुले यसको स्वाद मन पराउन थाले र यो चिज व्यापारका लागि पनि सम्भाव्य छ भन्ने ठहर गरे। त्यसबेला मानिसहरुले वाइन तथा बियर पिउँथे। तर व्यापारिक तथा अन्य गहन छलफलमा मदिराजन्य पेय पदार्थ खासै उपयुक्त थिएनन्। किनकी व्यवसायिक छलफलका क्रममा दिमाग नितान्त सफा हुनु पर्दछ। यद्यपि यस विषयमा मतभिन्नता थियो।

## पहिलो कफी हाउस

बेलायतको अस्फोर्डमा सन् १६५१ मा विश्वकै पहिलो कफी हाउस खुलेको थियो। त्यसपछि लण्डनमा पनि कफी हाउस खोलियो। त्यसपछि त कफी हाउस पोर्टी क्लब जस्तै बने। त्यसबेलासम्म हरेक प्रकारका मानिसका लागि कफी क्लब खुलेका थिए। बैंकर, व्यापारी देखि लिएर साहित्यकारहरु सम्मका लागि कफी अड्डा खुलेका थिए। कफी अड्डाहरुमा निकै चर्को राजनीति पनि हुन्थ्यो। कफी हाउसहरुले त्यहाँ आउने ग्राहकले पढ्न् भनेर जर्नल तथा अखबार पनि खरीद गरेर राखिदिन्थे। त्यसैले तत्कालीन बेलायती राजा चार्ल्स द्धितीयले देशद्रोहलाई बढावा दिएको आरोप लगाएर ती कफी अड्डाहरुमाथि प्रतिबन्ध लगाउने कोसिस समेत गरेका थिए।

त्यसबेला केबल एक पेनी मूल्यमै एक कप कफी पाइन्थ्यो। त्यसैले कफी हाउसहरुलाई पेनी युनिभर्सिटी पनि भनिन्थ्यो। त्यसबेलासम्म महिला अधिकार बहाल भएको थिएन। त्यसैले ती कफी अड्डाहरु पनि केबल पुरुषहरुका लागि मात्र थिए। जसका कारण कफी त्यसबेला पुरुषहरुको पेय पदार्थको रुपमा चिनिन्थ्यो। अहिले पनि महिलाहरुले भन्दा पुरुषले कफी बढि पिउँछन्।

यद्यपि कफीसँगै विवाद पनि जोडिएको थियो। कुनैपनि नयाँ तथा विदेशी चिजका लागि जुन डर हुन्थ्यो त्यो कफीसँग पनि जोडिएको थियो। कफीमाथि सबैभन्दा ठूलो आरोप सन् १६७४ मा लाग्यो। त्यतिबेला कफीले नपुंशकता ल्याउने अफवाह चल्यो। जबकि केही मानिसको दाबी यसको ठीक उल्टो थियो। कफीले पुरुषत्वमा बढाउने उनीहरुको जिकिर थियो।

कफीको स्वाद अहिले पनि कतिपय मानिसहरुलाई राम्रो लाग्दैन। तर बेलायतमा यसलाई दुध तथा चिनीसँग मिलाएर पिउने चलन सुरु भयो, चिया जस्तै। अनि त्यस प्रकारले कफी पिउने प्रचलन बढ्न थाल्यो।

१८ औं शताब्दीसम्म यो बेलायती जिवनशैलीमा राम्रोसँग स्थापित भयो। त्यसपछि यो कफी हाउसबाट निस्किएर मानिसहरुको घरघरसम्म पुग्यो र यसलाई दिनको भोजनपछिको पेय पदार्थको रुपमा बढावा पायो।

१९ औं शताब्दीसम्म कफीको स्वाद निकै खराब हुन्थ्यो। तर यहीं बेला इटालीले एस्प्रेसो मेसिनको आविष्कार गर्यो। यो मेसिनले पानीमा भारी दबाब पार्थ्यो र त्यो दबाबयुक्त पानी कफीका बिउ हुँदै पार हुन्थ्यो। यो कफीलाई भिजाउने र छान्नेभन्दा निकै उन्नत प्रक्रिया थियो। त्यसपछि यसलाई घण्टौसम्म तातो राख्न सकिन्थ्यो। त्यसपछि इटालीको कफी संस्कृति आफ्नो भविष्यमूखी तथा चम्किलो मेसिनसँगै फैलिन थाल्यो।

यस प्रकार धेरै मेहेनत बिना नै पूरै पश्चिमी जगतमा कफीको सुगन्ध फैलिन थाल्यो। कफी प्रयोग गर्ने नियम पनि बन्न थाल्यो। जस्तै दिउसोको खाना अर्थात् लन्च पश्चात् कहिल्यै पनि क्यापुचिनो कफीको प्रयोग नगर्ने।

## विभिन्न खालका कफी

पछिल्लो २० वर्षको दौरान विश्वमा विभिन्न खालका कफीहरु आएका छन्। त्यसमा लंग फ्लेवर अमेरिकन कफी पनि सामेल छ। एन्टिपोडियन फ्लाट ह्वाइट जस्ता विभिन्न किसिमका कफी पनि आए। कफी पिउने तौरतरिका पनि बदलिएको छ। मानिसहरु अहिले कफीको कप हातमा लिएर गल्लीमा घुम्दै कफी पिएको देख्न सकिन्छ। कफी संस्कृतिमा यस्ता नयाँ नयाँ तरिकाहरु आएका छन् जसले सबैभन्दा नयाँ तरिका कुन हो भनेर ठम्याउनै गाह्रो पर्दछ। वास्तवमा कफी एक नयाँ फेशन बनेको छ।

पछिल्लो साढे ४ सय वर्षमा समाज तथा कफी दुबै निकै अगाडि बढेका छन्। तर एक चिज बदलिएको छैन, त्यो हो कफीको लोकप्रियता। कफी मानिसहरुको एक आसपमा घुलमिल हुने माध्यम बनेको छ। अहिले पनि कफी पिउने पिलाउने कार्यलाई निकै कूल मानिन्छ।

*बीबीसीको सहयोगमा*




मार्केटिङको महत्वपूर्ण भूमिकाबारे छलफल गर्ने सु-अवसर पाएकोमा निकै खुशी व्यक्त समेत गरेकी थिइन् ।

**युवा तथा महिला लक्षित कफी कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत व्यवसायमा लागेका अनुभवी बिज्ञहरुलाई सहभागी गराइएको थियो । जसमा गुल्मी जिल्ला र पाल्पा जिल्लाबाट प्रतिनिधित्व गर्दै कफीको विस्तारमा लागेकि शान्ती देबि घिमिरेले आफ्नो अनुभव साटेकि थिइन् । उनले आफ्नो बिगत ३ दशकदेखिको अनुभवलाई साटेकि थिइन्, उनी अर्गानिक कफीको उत्पादन तथा विस्तार सहभागी हुँदै नयाँ पुस्तालाई समेत प्रेरित गर्न सफल भएको आफ्नो अनुभव साटेकि थिइन् ।

कफी सहकारीमा आबद्ध भई सिन्धुपाल्चोक जिल्लामा कफीको उत्पादन र विस्तारमा लागेकि मन्दु थापा, कफी क्याफे संचालक तथा बारिस्ता विज्ञ प्रशोक्ता पौडेल, इन्दिरा लामा, हिमालयन जाभाका संस्थापक तथा कफी कल्चर अभियानकर्ता गगन प्रधान, स्याङ्जा जिल्लामा कफीको उत्पादन तथा विस्तार गर्दै आइरहेका बोधराज अर्याल, कफीको विस्तारमा लागिरहेका निमा छिरिङ्ग शेर्पा लगायतका कफीको क्षेत्रमा लागेर कफीको व्यवसयिकरणको लागि काम गरिरहेका प्रतिनिधीहरुले समेत आ-आफ्नो अनुभव राखेका थिए । यो छलफलले कफी क्षेत्र विकास प्रवर्द्धनका लागि आवश्यक निति तथा ऐनको पैरवी समेत गराएको छ ।

राष्ट्रिय निति संस्थान, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधिहरु समेतको सहभागितामा गरिएको छलफलले यस क्षेत्रमा भएका र सरोकारवालाहरुले समेट्नु पर्ने विषयहरु समेत छर्लङग भएको थियो । कार्यक्रममा सम्बन्धित बिज्ञहरुले नेपालको कफी क्षेत्रको विकास प्रवर्द्धनका लागि आवश्यक निति तथा ऐन उपरको पैरवी माथी प्रकाश पारिएको थियो भने यस कार्यक्रमको मध्यस्थता ईन्टरनेशनल ट्रेड सेन्टर अर्थात आई.टि.सि.का परियोजना संयोजक डा.बद्री प्रसाद बास्ताकोटीले गरेका थिए ।

**कफी प्रदर्शनी कला देखाउने च्याम्पियनसिप पनि**

यति खेर कफी मेला चलिरहेको छ, धेरै सहभागी स्टलहरुले आ-आफ्ना उत्पादनहरुको प्रसार गरिरहेका छन्, यहाँनेर धेरै युवाहरु झुम्मिएका छन्, यहाँ भईरहेको छ, नेशनल कफी च्याम्पियन । यसमा देशका विभिन्न जिल्लामा उत्पादन भएका कफीहरू छन् । यहाँको एउटा च्याम्पियनसीप हो वरिस्ता च्याम्पियनसिप । कला देखाउने च्याम्पियनसिपले युवाहरूलाई यस क्षेत्रमा लाग्न प्रेरित गरिरहेको छ । । यसले आन्तरिक बजारलाई प्रवर्द्धन गरेको छ । उत्पादनमा जोड दिन र उत्पादनमा रहेका कमजोरीलाई समाधान गर्न पनि सफल बनेको छ ।

अर्को रोचक कार्यक्रम थियो कफी सम्बन्धित उद्यमी व्यवसायीको आफ्ना उत्पादन तथा सेवाहरुको प्रर्दशनी । जसमा उपकरण निर्माताहरु, निर्यात कर्ताहरु र अन्य कफी क्षेत्र उद्योगसँग सम्बन्धित व्यवसायहरु पर्दछन् ।

प्रर्दशनीमा विभिन्न कफीसँग सम्बन्धित औजार उपकरणहरुदेखि लिएर तयारी कफीका उत्पादनहरुको बुथहरु राखिएका थिए । बुथमा नेपालका विभिन्न जिल्लाहरुमा उत्पादन गरिएका कफीका भेराइटीहरु राखिएका थिए । जहाँ आगन्तुकहरुले चिसो कफी, तातो कफी, तथा कफीका अरु परिकार हरुको चुस्की लिएर आनन्द लिइरहेका देखिन्थे ।

यहिँ रौनकको अर्को प्रतिष्पर्धा अर्थात नेपालको पहिलो राष्ट्रिय क्याफे बारिस्ता च्याम्पीयनशिप । नेपालको पहिलो राष्ट्रिय लाते आर्ट च्याम्पीयनशिप, नेपालको पहिलो राष्ट्रिय ब्रुइङ्ग प्रतिस्पर्धा र राष्ट्रिय कफी कपिङ्ग प्रतिस्पर्धा पनि यहाँका सम्झना लायक गज्जबका प्रतिष्पर्धा थिए । यस प्रतियोगिताहरुमा मुल्याङकन समितीको प्रमुख जजको रुपमा धन तामाङ रहेका थिए, उनी ईन्टरनेशनल लाते आर्ट च्याम्पीयनसिपमा ६ पटक सम्म इन्टरनेशनल लाते आर्ट च्याम्पियन बन्न समेत सफल भएका थिए । त्यस्तै अन्य मुल्याङकन समितीको सदस्यहरुमा कफी विज्ञ कुशलमान श्रेष्ठ, निमा छिरिङ्ग शेर्पा समेत रहेका थिए । बिजेताहरु सबैलाई पुरस्कार वितरण समेत गरिएको थियो ।

**बिजेताहरु पुरस्कार ग्रहण गरी खुसी हुँदै**

**अवलोकन तथा सहभागी**

यस राष्ट्रिय कफी सम्मेलन तथा प्रर्दशनी २०८० को अवलोकन गर्न करिब ४ हजार आगन्तुकहरुको उपस्थिति भएको आयोजकले जनाएको छ । कोरियन राजदूत देखि लिएर विभिन्न स्वदेशी तथा विदेशी पाहुनाहरुको उपस्थिति रहेको थियो । मेलामा विभिन्न स्कुल तथा कलेजबाट आएका बिद्यार्थीहरुको पनि बाक्लै उपस्थिति देखिन्थ्यो । प्रर्दशनीमा विभिन्न कफीसँग सम्बन्धित औजार तथा उपकरणहरुदेखि

लिएर तयारी कफीका उत्पादनहरुको स्टलहरु राखिएका थिए । अतिथिहरुले चिसो कफी, तातो कफी, तथा कफीका अरु परिकारहरुको फरक-फरक स्वाद लिएर आनन्द लिइरहेका देखिन्थे । यस प्रर्दशनीको समापन कार्यक्रम अर्थात अन्तिम दिन कृषि तथा पशुपन्छी विकास मन्त्री डा.बेदुराम भुसाल समेत उपस्थित भएका थिए, मन्त्री भुसालले नेपालको कफी विकासमा नेपाल सरकार जहिले पनि सकारात्मक रहने कुरामा आफ्नो विश्वास रहेको धारणा व्यक्त गरेका थिए ।

**नेपाल कफी व्यवसायी महासंघको २० औं बार्षिक साधारण सभा समेत सम्पन्न**

कार्यक्रमको समापन पछि नेपाल कफी व्यवसायी महासंघको २० औं बार्षिक साधारण सभा समेत सम्पन्न भएको छ । महासंघको गत आर्थिक बर्षको आय व्यय विवरणको समिक्षा गर्नुका साथै विभिन्न विधानका धाराहरुको समेत संशोधन गर्ने काम सम्पन्न भएको थियो । कार्यक्रमको अन्त्यमा महासंघको ५ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको थियो, जसले महासंघको नयाँ कार्यकालको लागि नयाँ कार्यसमितिको पनी चयन गरेको थियो ।

मनोनित हुनेहरुमा अध्यक्षमा ओमनाथ अधिकारी, उपाध्यक्षमा मन्दु थापा, सरोज श्रेष्ठ, महासचिव सन्तोष पोखरेल, सचिवमा आनन्द सुवेदी, कोषाध्यक्षमा इन्दिरा लामा, तथा केन्द्रिय सदस्यहरुमा श्याम प्रसाद भण्डारी, राज कुमार श्रेष्ठ, लेखराज भट्टराई, धन बहादुर श्रेष्ठ, निमा तेन्जिङ्ग शेर्पा, सुखदेव ढुङ्गाना, बसन्त रिजाल, रन्जन सिजापति, कमल राज खनाल, युनेश राज श्रेष्ठ, पुस्कर नाथ बन्जाडे, कुशल मान श्रेष्ठ, दिनेश कँडेल, मित्र प्रसाद देवकोटा, नाजरा प्रजापति, फूलकुमार लामा, विश्वबन्धु पोखरेल, बोधराज अर्याल र मिठाराम जमकट्टेल रहेका छन् ।

**प्रदर्शनीमा सरकारी तथा विभिन्न गैर-सरकारी संस्थाहरुको समेत सहकार्य**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, नेपाल पर्यटन बोर्ड, युरोपियन युनियन, व्यापार तथा लगानी परियोजना र इन्टरनेशनल टेड् सेन्टरको समेत सहकार्य र समन्यवय थियो । कार्यक्रममा कफीको मूल्य शृङखला अनुरुप विविध विषयका वर्तमान अवस्था र वस्तु स्थितीलाइ सम्बोधन हुने गरि लगानी मैत्री वातावरण तय गर्दै सरोकार सम्वद्ध सम्पूर्ण मन्त्रालयहरु, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसंग सहकार्य एवं समन्वय गर्दै अगाडी बढ्ने उद्धेश्यका साथ संचालन गरिएको थियो ।

**नेपाल कफी व्यवसायी महासंघ भन्छ : कफीको आन्तरिक एवं बाह्य बजार प्रवर्द्धन गर्न मेला संवाहक बन्यो**

कफीको आन्तरिक एवं बाह्य बजार प्रवर्द्धन गर्ने उद्धेश्यले सम्मेलन एवं प्रदर्शनीको आयोजना गरीएको थियो । उद्यमी व्यवसायीका आफ्ना उत्पादनहरूको प्रदर्शनी तथा यस क्षेत्रको समग्र विकासमा सकारात्मक योगदानका लागि सम्मेलन तथा प्रदर्शनीले महत्वपूर्ण भूमिका खेलेको छ । सम्मेलनमा कफी उत्पादक, निर्यातकर्ता, उपकरण उत्पादक एवं कफी उत्पादक तथा प्रवर्द्धन सम्बन्धी व्यवसायीहरूले आफ्ना उत्पादनहरूको प्रदर्शन गर्ने अवसर पाएका थिए । सम्मेलनबाट कफी उत्पादकहरू, सम्बन्धित उद्यमीहरू लगायत यस क्षेत्रमा रुचि राख्नेहरूका लागि सकारात्मक सहयोग अवश्य पुगेको छ । मेलामा देशभरबाट ३० वटा जिल्लाका कफी उत्पादकहरू सहभागी भएका थिए । कफीको प्रवर्द्धनका लागि विभिन्न विधामा प्रतिस्पर्धा समेत गराईएको थियो । प्रतिस्पर्धाबाट उत्कृष्ट चुनिएकाहरूले स्वदेशमा मात्र नभई विदेशमा पनि आफ्नो कला प्रस्तुत गर्न समेत मद्धत पुगेको छ ।

# यस्ता छन् कफी पिउनुका फाइदाहरु



अहिलेको समयमा कफीको प्रयोग र माग बढ्दो छ । कफीको प्रयोगले मानिसको स्वास्थ्यको लागि निकै फाईदाजनक हुने भएकोले यसको माग र उपयोग बढिरहेको छ । मानिसहरुले आफ्नो स्वास्थ्यको ख्याल गर्दै कफीको प्रयोग गर्दै आएका छन् । कफीले आर्थिक र शारीरिक दुवै फाइदा पुऱ्याउने भएकोले यसको खेती पनि प्रख्यात रुपमा गरिँदै आएको पाइन्छ । कफीलाई दुध र चिनिसँग मिसाएर खाने गरिन्छ । कतिपय मानिसले दुधमा पाइने फ्याटको कारणले गर्दा कफी र चिनी प्रयोग गर्ने गर्दछन् । कफीलाई कुनै मिसावट नगरी नै पिउनाले शरीरलाई धेरै फाइदा हुने गर्दछ ।



**यी हुन कफी पिउनुका फाइदाहरु**

१. कफी पिउनाले हाम्रो स्मरण शक्ति बढ्ने गर्दछ ।

२. कफीमा पाइने एन्टि-अक्सिडेन्ट पाइन्छ । जसले स्कीनलाई फ्रि रेडिकल्स हुनबाट बचाउँछ र अनुहारलाई चम्किलो बनाउनुको साथै दाग हटाउन मद्दत गर्दछ ।

३. मानिसको शरीरलाई स्वस्थ बनाउनुको साथै जवान देखाउन मद्दत गर्दछ ।

४. कफीको सेवनले मानिसमा हुने थकान कम गर्न वा निद्रा हटाउन मद्दत गर्दछ ।

५. मोटोपना भएका व्यक्तिहरुको तौल कम गर्न मद्दत गर्दछ ।

६. डाइबिटिजका बिरामीले कफी दैनिक दुध नहालेको कफी पिउनाले उनीहरुको सुगर लेबललाई नियन्त्रणमा राख्न मद्धत गर्दछ ।

७. दैनिक कफी प्रयोग गर्नाले मुटुलाई स्वस्थ बनाउनुको साथै हृदयघात हुनबाट बचाउँछ ।

८. कफीलाई दैनिक पिउनाले क्यान्सर हुने सम्भावना कम हुने गर्दछ ।

*श्रोत एजेन्सी*

## गरिबी निवारण र रोजगारी सिर्जनाको लागि

# कफी खेती



**अशिम सापकोटा**

नेपालमा कफीको सुरुवात वि.सं १९९५ सालमा बर्माबाट हिरा गिरीले गुल्मी जिल्लाको आँपचौरमा ल्याई सुरु गरेका थिए । हालसम्म नेपालका ४३ वटा जिल्ला भन्दा बढी फैलिइसकेको कफी खेती वि.सं. २०२० सम्म सुषुप्त अवस्थामै रह्यो । वि.सं. २०२५ सालमा गुल्मी, अर्घाखाँची, पाल्पा जिल्लामा कफीको बीउ वितरण भएपश्चात केही थप कृषकहरु कफी खेतीतर्फ उन्मुख भएको पाइन्छ । त्यसैगरि कफीको विकास र बिस्तारको आवश्यकतालाई मध्यनजर गर्दै गुल्मी जिल्लाको आँपचौरमा पहिलोपटक व्यावसायिक कफी नर्सरीको स्थापना भयो । यी र यस्तै प्रयासबाट उत्पादित कफीको बजार व्यावस्थापन तथा प्रशोधनको व्यवस्था गर्नको लागि वि.सं. २०४० सालमा रुपन्देहीको मणिग्राममा नेपाल कफी कम्पनीको स्थापना भयो । वि.सं. २०४१ सालमा तत्कालिन. राजा वीरेन्द्रको गुल्मी जिल्ला भ्रमणको अवसरमा गुल्मीको आँपचौरका कृषकहरुको मागलाई ध्यानमा राखी वि.सं. २०४२ सालमा कफी विकास केन्द्र, आँपचौरको स्थापना भयो । त्यसपश्चात केही हदसम्म कफी खेतीको विस्तारले गति लिएको पाइन्छ ।

नेपालको विषेशतः मध्य पहाडी जिल्लामा कफी खेती गरिबी निवारण, रोजगारी सिर्जना, वातावरण सुरक्षा तथा दिगो आय आर्जन गर्ने एक लोकप्रिय खेतीको रूपमा स्थापित हुँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको माग दिनानुदिन बढ्दै गइराखेको परिप्रेक्ष्यमा कफी उत्पादन क्षेत्रको विस्तार गर्नुको उद्योगको समग्र विकास गर्नु आजको आवश्यकता रहेको छ ।

### विश्व बजारमा कफीको अवस्था

विश्व बजारमा नेपालबाट उत्पादित प्राङ्गारिक कफीको माग दिन प्रतिदिन बढी रहेको छ । कुल उत्पादनमध्ये ७० प्रतिशत कफी कोरिया, जापान, अमेरिका, जर्मनी निर्यात हुने गरेको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको मागलाई हिसाब नै गर्ने हो भने वार्षिक १० हजार मेट्रिक टनभन्दा बढी छ तर उत्पादन नै कम भएको कारण उक्त मागको पाँच प्रतिशत पनि निर्यात हुन सकेको अवस्था छैन । अन्तराष्ट्रिय बजारमा मात्र नभई नेपाली बजारमा पनि नेपाली अर्गानीक कफीको माग बढिरहेको छ ।

### कफीको नेपालमा आयात र निर्यात झण्डै बराबरी

आ.व. २०७७/०७८ को तथ्याँक हेर्ने हो भने १० करोड ६७ लाख बराबर अर्थात १९८.७ मे.टन को कफी कफी आयात भएको हुँदा ९ करोड ६० लाख बराबरको ७२.४८ मे.टन कफी विदेश निर्यात भएको देखिन्छ, अझै बुझ्ने गरी भन्दा नेपालबाट महङगो कफी निर्यात भएको देखिन्छ भने नेपालमा सस्तो खालको कफी आयात भएको देखिन्छ । भन्सार विभागको आ.व.७८/७९ को तथ्याङ्क अनुसार १२ करोड ७६ लाख अर्थात २७९.८ मे.टन कफी नेपालमा आयात हुँदा ११ करोड ७० लाख रूपैयाँ अर्थात ६९.५ मे.टन मात्रै कफी निर्यात भएको देखिन्छ ।

आ.व.७८/७९ मा नेपालभर ३५५ मे.टन ग्रीन वीन कफी उत्पादन भएको छ भने कुल



> वि.सं. २०२५ सालमा गुल्मी, अर्घाखाँची, पाल्पा जिल्लामा कफीको बीउ वितरण भएपश्चात केही थप कृषकहरु कफी खेतीतर्फ उन्मुख भएको पाइन्छ । त्यसैगरि कफीको विकास र बिस्तारको आवश्यकतालाई मध्यनजर गर्दै गुल्मी जिल्लाको आँपचौरमा पहिलोपटक व्यावसायिक कफी नर्सरीको स्थापना भयो । यी र यस्तै प्रयासबाट उत्पादित कफीको बजार व्यावस्थापन तथा प्रशोधनको व्यवस्था गर्नको लागि वि.सं. २०४० सालमा रुपन्देहीको मणिग्राममा नेपाल कफी कम्पनीको स्थापना भयो



उत्पादनको झन्डै २० प्रतिशत कफी विदेश निर्यात भएको देखिन्छ । नेपाली कफीले अन्तराष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकेजी १६ अमेरिकी डलर प्राप्त गर्दै आएको छ । अन्तर्राष्ट्रिय कफी संगठन अर्थात आइसीओको विशेष सहयोगमा बोर्डले संचालन गरेको अनुगमन/निरीक्षणबाट पनि आन्तरिक बजारमा प्रत्येक वर्ष न्यूनतम २१६० मेट्रिक टन भन्दा बढी कफी खपत भइरहेको र दिनप्रतिदिन उच्च रुपमा माग बढेको देखाउछ भने आन्तरिक उत्पादनले १ महिना पनि नेपालको माग धान्न नसकेको अवस्था देखिन्छ ।

कफी अन्य खाद्य बाली, तेलहन र औधोगीक बाली जस्तो परापूर्वकालदेखि खेती गरिंदै आएको बाली होइन, कफी बाली नेपालमा भित्रिएको एक शताब्दी पनि पुगेको छैन । बढ्दो शहरीकरणले विकास गरेको कफी संस्कार र नेपाली कफीको अन्तराष्ट्रिय अत्यधिक माग हुन थालेपछि कृषकहरु स्वत:स्फुर्त कफी खेतीमा लागेको बिगत छर्लंग छ । कफी खेती गर्ने क्रममा कृषकले भोगेका समस्याहरु र विभिन्न निकायसंग गरेका मागहरु र तिनको सम्बोधन गर्दै जाने क्रममा विभिन्न संस्थाहरुको स्थापना र विकास भएको देखिन्छ । हालसम्म स्थापित निकायहरुले अझै कफी खेतीको विकास, विस्तारसंगै, कफीको व्यउवसायीकरण गर्दै उत्पादकत्व बढाउनको लागि आवश्यक विभिन्न कार्यक्रमहरु अगाडी बढाउनुपर्ने देखिन्छ । कफीको विकास र प्रसारका लागि स्थापित निकायहरुले कृषकका समस्याहरु पहिचान गरी वर्गिकरण गर्ने, समयानुकुल



अनुदान, ऋण र बीमासम्बन्धी व्यवस्थालाई कृषकमैत्री बनाउने, क्षेत्र विस्तारमा अधिकतम श्रोत र साधनको परिचालन गरी कृषकहरुमाझ कफी खेतिलाई थप लोकप्रिय बनाउन सकियो भने कफीको क्षेत्र विस्तारमा निकै प्रगति गर्न सकिने देखिन्छ । गुणस्तरीय बीउ, बेर्ना, उत्पादन सामग्रीको पहिचान तथा कृषकहरुमा सहज उपलब्धता हुन सक्यो भने पक्कै पनि कृषकहरु बिना झन्जट कफी खेतीमा दत्तचित्त भएर लाग्न सक्छन् । अहिले नेपालबाट निर्यात हुने प्रमुख बालीको रुपमा रहेको कफीलाई निर्यात जन्य उद्योगको रुपमा विकास गर्न राज्यका सरोकारवाला निकायहरु जिम्मेवारी बोध गरी लाग्नैपर्ने देखिन्छ ।

हरेक वर्ष राष्ट्रिय चिया तथा कफी विकास बोर्डले मंसिर १ गतेलाई राष्ट्रिय कफी दिवसको रुपमा मनाउँदै आएको छ, सोही अवसरमा कफी र कफीजन्य उत्पादनको मूल्य निर्धारण गरिने भएकोले बजारीकरण गर्न कृषकहरुलाई निकै सहज भएको छ । यधपी कफी खेती व्यावसायिक हुन भने सकिरहेको छैन, कफी खेतीलाई नयाँ ढंगले अगाडि लैजान कृषि पर्यटनसंग जोडेर व्यावसायिक बनाउदै लानुपर्ने पनि देखिन्छ ।

विदेशी बजारमा नेपाली कफीको माग दिनप्रतिदिन बढ्दो नै क्रममा रहेको छ । नेपालमा प्रतिवर्ष दशौं करोडको कफी आयात पनि हुने गरेको छ, कफी कल्चरको नेपालमा समेत विकास र विस्तार भैसकेको परिप्रेक्षमा नेपाली उपभोक्तालाई समेत लक्षित गरी नेपाली बजारमा नेपाली कफीका उत्पादनहरु सहजै उपलब्ध गराउनुपर्छ । कफीको उत्पादन बढाएको खण्डमा आयात प्रतिस्थापन मात्र नभै विदेशी मुद्रा समेत आर्जन गर्न सक्ने प्रचुर सम्भावना छ । स्वदेश र विश्व बजारको मागलाई मध्यनजर राख्दै नेपाली कफीको उत्पादन र गुणस्तर वृद्धि र विकास गर्नु आजको आवश्यकता हो ।

# कफी राज्यको समेत प्राथमिकतामा परेको बाली हो



**डा. बेदुराम भुसाल, मन्त्री, कृषि तथा पशुपंक्षी**

मन्त्री भुसालले कफी व्यवसायमा लामो समय देखि कृयाशिल उद्यमीहरूको योगदानको हामीले सधैं कदर नै गर्ने गरेका छौं, हाम्रो कृषि तथा पशुपंक्षी मन्त्रालय सदैव सहयोगी बन्न तयार छ, नेपालमा कफीको सम्भावना बढ्दै गएको, माग समेत बढिरहेको साथै राज्यको समेत प्राथमिकता परेको छ र कफी क्षेत्रमा लाग्ने उधमीहरुलाई हामीले सधैं सहयोग र सहकार्य गर्न तयार छौं ।

यस्ता मेलामा सहभागी व्यवसायी तथा कफी उत्पादकहरूले आफ्ना ग्राहकहरू समक्ष पुग्न सहज माध्यम बन्न सक्छ, उनीहरूले यस्ता सम्मेलनले उपभोक्तासम्म आफूलाई जोड्न र बजार व्यवस्थापनमा टेवा पुग्नेमा समेत मेरो विश्वास छ ।

# टुक्रे-टुक्रे सानो क्षेत्रमा भईरहेको कफी खेतीलाई क्षेत्र विस्तार गर्नु आवश्यक



**लक्ष्मण पोखरेल, उप-निर्देशक, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड**

नेपाल कफीका लागि उपयुक्त ठाउँ हुनुका साथै यहाँ कफीको पनि बजार राम्रो छ । अर्गानीक र गुणस्तरीय कफी उत्पादन गर्दै विदेश निर्यात गर्न सके कफी व्यवसायले नेपालको समृद्धीमा महत्वपूर्ण भूमिका खेल्छ । नेपालबाट कफी बिदेश निर्यात भैरहेको छ, यसको मात्रा बढाँउन सके अझै सम्भावना तिव्र छ । नेपालका विभिन्न व्यवसायीक रुपमा कफी उत्पादन भइरहेको छ, हाल टुक्रे-टुक्रे सानो क्षेत्रमा भईरहेको कफी खेतीलाई क्षेत्र विस्तार गर्नु आवश्यक छ । नेपालको वनको क्षेत्र विस्तार वनमा कफी लगाउँदा वन नमासिने बरु छहारीको मात्रा समेत प्रयोग हुने भएकाले वन क्षेत्रमा कफी लगाउन दिने नीति ल्याउनुपर्छ ।

# स्वदेशमा पनि कफीको राम्रो बजार छ



**डा.बिष्णु प्रसाद भट्टराई**
**कार्यकारी निर्देशक**
**चिया कफी विकास बोर्ड**

कफीको दिगो विकासमा चिया कफी विकास बोर्डले विशेष महत्व दिईरहेको छ । अब कफी क्षेत्रमा लाग्ने उधमीहरु उत्पादन वृद्धिमा नै केन्द्रित हुनुस् बजार अझै विस्तार हुँदैछ, पछिल्लो समयमा स्वदेशमा पनि कफीको राम्रो बजार छ भने विश्वका विभिन्न देशहरुमा नेपाली अराबिका कफीको माग अझै बढिरहेको छ । नेपालको कफी बिकासमा नेपाल सरकारको सहयोग निरन्तर जारी रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । कफी मेलाले देशमा कफीको क्षेत्रमा रहेको समस्या समाधान र यसमा रहेका नीतिगत समस्याहरूको गाँठो फुकाउन समेत महत्वपुर्ण सावित भएको छ ।

# नेपाली कफीको माग बढ्दो छ



**ओमनाथ अधिकारी, अध्यक्ष, नेपाल कफी व्यवसायी महासंघ**

नेपाली कफीको माग स्वदेशी तथा विदेशी बजारमा बढिरहेको छ । तथापि, यसको उत्पादन तथा निर्यात बढाउन सकिएको छैन् । यसक्षेत्रको समग्र मुल्य श्रृंखलालाई बलियो बनाउने उपायहरूको खोजी गर्ने तथा अवसरको पहिचान गर्न यो सम्मेलन तथा प्रदर्शनी नेपालमै पहिलो पटक आयोजना गरिएको हो ।

कफी नीति २०६० लाई परिमार्जन गर्नुपर्ने, बाली बिमा, जग्गाको हदबन्दी, भाडा लगायतमा सरकारले विशेष ध्यान दिनुपर्ने, कफी सम्बन्धि पाठ्यक्रम निर्माण, हावापानी सुहाउँदो जातका कफीको पहिचान स्थापना, थप कफी उत्पादनमा जोड, प्राङ्गारिक मल उत्पादनमा जोड दिनुपर्छ । सरकारी निकायहरूसँग संस्थागत सहकार्य, कफी क्षेत्रमा हुँदै आएको सहयोग पारदर्शी बनाउनुपर्ने, कफी उत्पादन, बजार र क्याफेको अवस्था सम्बन्धमा अनुगमन गरी यसलाई अझै व्यवस्थित बनाउन सकिन्छ । राष्ट्रिय कफी सम्मेलन तथा प्रदर्शनी २०८० लाई सफल बनाउन भूमिका खेल्ने सबै संघसंस्था एवं सदस्यहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

# कफी मुलुकको आर्थिक समृद्धिको यात्रामा अब्बल बन्न सक्छ



**मदन सापकोटा, संचालक, रोयल हिमालयन कफी प्रा.लि.**

कफी खेती गर्नेले सर्वप्रथम तालिम लिनु अत्यावश्यक रहन्छ, जसमा कफी लगाउने तरिका, कफीमा ध्यान दिनुपर्ने कुरा, कफीमा लाग्ने रोग, कफीले दिने आम्दानी आदिको बारेमा जानकारी लिनैपर्छ। सरकारले कफी खेतीलाई प्राथमिकतामा राखी कफी खेती गर्न खोज्ने किसानलाई विभिन्न अनुदानका कार्यक्रमको व्यवस्था उच्च महत्वका साथ अगाडी बढाउनुपर्छ। स्थानीय निकायले जग्गा तथा त्यसमा लाग्ने लगानीको लागि केही व्यवस्था गर्नुपर्छ। निर्यातजन्य कृषि उपजको रूपमा विश्व बजारमा एक छुट्टै पहिचान बनाउन सफल कफीले मुलुकको आर्थिक समृद्धिको यात्रामा आफ्नो विशेष र खास प्रकारको स्थान लिनेछ भन्ने कुरा अन्तराष्ट्रिय अनुभवहरूले समेत देखाईसकेका छन्। सरकारी, निजी, सहकारी क्षेत्र र यस अन्तर्गतका अन्य सम्पुर्ण साँझेदारहरूको सामुहिक, संगठित, एकीकृत र राष्ट्रव्यापी वृहत् अभियानमा लागी प्रविधियुक्त व्यवसायिक कफी खेतीको व्यापक प्रवर्द्धनमा लाग्नु अहिलेको आवश्यकता हो।

उत्पादन बढिरहँदा आयात पनि बढ्नु तर निर्यात घट्नुले नेपालमा उत्पादित कफीको बजार नेपाल भित्रै बढ्दै गएको अनुमान गर्न सकिन्छ। देशभर क्याफे हाउसहरूको विस्तारले नेपाली कफीको लोकप्रियता बढ्दै गएको पाइन्छ। यधपी, उत्पादनमा अझ वृद्धी गर्दै निर्यात पनि बढाउनु आजको प्रमुख आवश्यकता हो।

# जग्गामा हदबन्दी पनि कफी खेती विस्तार अवरोध हो

कफी खेती र यससँग सम्बन्धित व्यवसाय नेपालको सन्दर्भमा प्रचुर सम्भावना बोकेको क्षेत्र भएको हुँदा उल्लेखित समस्याका समाधान खोज्न जरुरी छ। सोको लागि नीतिगत सम्बोधन र समाधानका लागि राज्यको ध्यानाकर्षण हुनु जरुरी छ। नेपालको परिवेश र सन्दर्भमा आधारित अनुसन्धान गर्दै किसान लगायत अन्य व्यवसायीहरूलाई आकर्षण र उत्प्रेरणाका लागि अभियानकै रूपमा रोपण कार्यक्रम सञ्चालन गरिनुपर्छ। छहारी व्यवस्थापन सम्बन्धी उपयुक्त सम्बोधन साथै सम्बद्ध सबै पक्षका लागि आचारसंहिता निर्माण र कार्यान्वयन गर्नु जरुरी छ। कफी खेती गर्न ठूलो जग्गा आवश्यक पर्छ। ७५ रोपनीभन्दा बढी जग्गामा हदबन्दी पनि कफी खेती विस्तार अवरोध हो। जंगल क्षेत्र प्रयोग गरी उत्पादनमा वृद्धि गर्न सक्ने सम्भावना भए पनि सरकारले यस्तो उत्पादक कार्यमा चासो दिएको छैन्। कोहि कसैले गुणस्तरहीन कफी को आयातित गरि राखेका छन् सो कफीले स्थानीय कफीको बजार बिगारिरहेका छन्। आयातित कफीलाई नेपाली कफी भनेर ब्रान्डिङ गरी बजारमा ल्याउने प्रवृत्तिका कारण कफी उत्पादकले उचित मूल्य पाउन कठिन भएको छ।



**बोधराज अर्याल, अध्यक्ष**
**जिल्ला नेपाल कफी व्यवसायी संघ स्याङ्जा**

# कफी सम्मेलन २०८० महत्वपूर्ण कार्यक्रम

**सन्तोष पोखरेल, महासचिव, नेपाल कफी व्यवसायी महासंघ**



कफी उद्योगको मूल्य शृङखला अनुरुप कार्य गर्ने सम्पूर्ण सरोकारवालाहरुलाई समेटेर अवसरहरुको खोजी गर्न, ज्ञान बाँड्न र नेपालको कफी क्षेत्रको विकास प्रर्वद्धन गर्न, एवं एकिकृत गर्ने उद्धेश्यले आयोजना गरिएको थियो र यो ४ दिने राष्ट्रिय कफी सम्मेलन तथा प्रदर्शनी २०८० एउटा महत्वपूर्ण कार्यक्रम थियो। कार्यक्रममा कफी उत्पादकहरु, कफी उद्योग व्यवसायीहरु, कफी सम्बन्धि तालिम गरिरहेका कफी स्कुलहरु र कफी क्षेत्रमा रुचि राख्ने सबैलाई यो सम्मेलन एउटा संवाहककै रुपमा रहेको पाइयो। कफी सम्मेलनले नयाँ संस्करणको रूपमा पुस्ता हस्तान्तरणलाई प्रवद्धन गर्ने कार्य अभियान लिएको छ। कफीमा उत्पादन, बजार, गुणस्तर लगायतका विषयवस्तुहरूमा थुप्रै समस्या भए पनि यसलाई हामी सबैले इमान्दारीपुर्वक व्यावसायिक धर्ममा रहेर सामना गर्दै जानुपर्छ। राष्ट्रिय कफी सम्मेलन तथा प्रदर्शनी २०८० मा कफीको आन्तरिक एवं वाह्य बजार प्रवर्द्धन गर्ने, कफी क्षेत्र विकास प्रवर्द्धनका लागि आवश्यक नीति तथा ऐन उपरको पैरवी अर्न्तक्रिया, उद्यमी व्यवसायीको आफ्ना उत्पादनहरु, सेवाहरुको प्रर्दशनी, कफीको राष्ट्रिय विद्यागत प्रतिष्पर्धा र पुरस्कार (क्याफे वारिस्ता, लाते आट र कफी लगायत कफीको मूल्य श्रृंखला अनुरूप विविध विषयका वर्तमान अवस्था र वस्तुस्थितिलाई सम्बोधन हुने गरि आयोजना गरिएको पनि कफी सम्मेलन पक्कै सफल बन्यो।

# राम्रो आम्दानी हुन थालेपछि सिन्धुपाल्चोकका किसानहरु कफीतर्फ

**मन्दु थापा, अध्यक्ष, जिल्ला कफी सहकारी संघ, सिन्धुपाल्चोक**



पछिल्लो समय झनै सिन्धुपाल्चोकका किसान कफी खेतीतर्फ आकर्षित हुन थालेका छन्। एक पटक रोपेपछि ३५/४० वर्षसम्म उत्पादन दिनुका साथै वृद्धवृद्धा र केटाकेटीले समेत दाना टिप्न सक्ने सजिलो खेती भएकाले किसान कफीखेतीतर्फ उत्साहित रुपमा आकर्षित भएका छन्। उत्पादित कफीमध्ये 'ए' ग्रेडको पार्चमेण्ट ग्रिनवीच कफीप्रति प्रतिकिलो ८ अमेरिकी डलरमा कोरिया, अष्ट्रेलिया र जापानमा निर्यात भइ रहेको र बाँकी स्वदेशमै खपत हुने गरेको छ। यसरी राम्रो आम्दानी हुन थालेपछि अन्य खाद्यान्न बालीको तुलनामा यसतर्फ अभिरुचि देखाउन थालेको पाइएको छ। जिल्लामा १२ स्थानीय तहमध्ये लिसंखुपाखर र पाचँपोखरी थाङपाल गाउँपालिका बाहेक सबै पालिकाहरुमा कफीखेतीको विस्तार गरिएको छ। यहाँको हावापानी अनुसार सबैभन्दा उत्तम मानिने बोर्न प्रजातिको अराविक कफीको बिरुवा लगाइएको छ। प्राङ्गारिक प्रमाणपत्रका आधारमा १४ देखि १६ मिलीमिटरको कफी विदेश निर्यात हुने गरेको छ। दिनप्रतिदिन कफी पिउने नेपालीको संख्यामा वृद्धि हुन थालेपछि बाँकी कफी स्वदेशमै खपत समेत हुने गरेको छ।



# कफी क्षेत्रका हालका समस्या र समाधान

भोला कुमार श्रेष्ठ, वरीष्ठ कफी विशेषज्ञ

नेपालमा कफी क्षेत्रका समस्या मूलतः उत्पादनसँग सम्बन्धित छन् । मध्यम उचाइका पहाडमा फल्ने अरेबिका कफीलाई स्पेसियालिटी कफीको रूपमा स्वीकार गर्न तयार रहेको विश्व कफी बजार गुणस्तरमा कुनै सम्झौता नगर्ने सर्तमा हामीसँग कफी मागिरहेको छ तर हामी मागको तुलनामा अत्यन्तै न्यून मात्रामा कफी उत्पादन गरिरहेका छौं । किनभने यसमा केही समस्या छन् । सेतो गवारो र सिन्दुरे जस्ता रोग-कीराले कफी बिरुवालाई आक्रमण गरी क्षति पुऱ्याएको छ । मात्रात्मक रूपमा धेरै कफी उत्पादन गर्नका लागि आवश्यक उपयुक्त जग्गाको अभाव छ । जलवायु परिवर्तनले प्रभाव पारेको छ । कफी बिरुवालाई छहारीको आवश्यकता पर्छ तर छहारी व्यवस्थापन गर्न सकिएको छैन ।

अहिलेसम्म कफी खेती गरिरहेका साना किसानसँग पर्याप्त जग्गा नभएको र उनीहरूलाई सामुदायिक वनको छेउ-छाउमा रहेको बाँझो जग्गा लिजमा लिएर खेती गर्न वा वनभित्रै बिरुवा रोप्न वन ऐनले रोकेकाले पनि कफी खेती भनेजस्तो विस्तार हुन नसकेको हो । कफी खेतीमा धेरैले रुचि देखाए पनि लगानीको वातावरण बनाउन अहिलेसम्म ध्यान दिइएको छैन । कोही व्यक्ति कफी खेती गर्छु भनेर ऋण माग्न गयो भने कुनै पनि बैंकले पत्याउँदैनन् । कफी उत्पादनलाई व्यावसायिक रूपमै अघि बढाउने हो भने सरकारले पनि सहयोग गर्ने वा सहुलियत दिने नीति हुनुपर्‍यो । देशमा धेरै युवाहरु पलायन भएको अवस्थामा सरकारले स्वदेशमै युवालाई परिचालन गरी कफी मार्फत स्वरोजगार बनाउने खालका निती ल्याउनुपर्छ, आज पनि नेपाली कफीको माग विश्व बजारमा फराकिलो हुँदै गएको छ र यो क्षेत्रको सम्भावना अझै वृहत्तर बन्न सक्छ, त्यसैले कफी क्षेत्रको उत्थानको लागि सरकाले एउटा ठोस निती ल्याएर अगाडी बढ्ने हो भने यो क्षेत्रको भविष्य अत्यन्तै राम्रो छ ।

नेपाल्मा ६२ हजार हेक्टर क्षेत्रफलमा विशिष्ट श्रेणीको कफी उत्पादन गर्न सकिने सम्भावना छ । दैनिक १५ सय युवा विदेशिएका छन्, विश्व बजारमा नेपाली कफीको माग बढिरहेको समयमा युवाहरुलाई परिचालन गरि स्वदेशमा कफीमा लाग्ने वातावरण सरकारले बनाइदिनुपर्यो ।

## कफी खेतीलाई कफी स्टेटमा रुपान्तरण गर्नुपर्छ

उज्वल न्यौपाने, संस्थापक, नमो कफी ललितपुर



दिनानुदिन कफी सेवनकर्ताहरुको माग बढ्नु र युवाहरुको प्राथमिकतामा परेको कफी क्याफे तथा आउटलेट स्थापनाले गर्दा कफीको माग बढ्दै गइरहेको हुनाले पनि आन्तरिक माग पुर्तीका लागि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्नु पर्ने देखिन्छ । कफी किसानहरुलाई संरक्षण र प्रोत्साहन गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरुलाई आकर्षण गरि सिमित क्षेत्रमा गरिदै आएको कफी खेतिलाई कफी स्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिन्छ ।

अब उत्पादनको कुरा गरौं, सरकारी स्तरबाट जंगलको केही भूभाग कबुलियती वन तथा सामुदायिक वनस्वरूप स्थानीयलाई हस्तान्तरण गर्दा कफी खेती गर्न बढी जोड दिँदा कफीको उत्पादन पनि बढ्ने, स्थानीयको आम्दानीको स्रोत पनि सुदृढ हुने र जंगलको घनत्वलाई पनि असर नगर्ने देखिन्छ । साथै कफीको लागि छहारी बोटहरु रोपण गर्दा पर्यावरणीय हिसाबले पनि अत्तिउत्तम हुन्छ । नेपालको कफी गुणस्तरीय हुने भएकोले विदेशी तथा स्वदेशी पर्यटक आकर्षित हुने गर्दछन् । यसै स्वरूप देशमा एग्रो-टुरिजमको विकास हुने र समस्त देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## कफीले विस्तारै व्यवसायिक फड्को मार्न खोज्दैछ

ढकेश्वर घिमिरे, संस्थापक अध्यक्ष, कफी व्यवसायी महासंघ



कफी सुहाउँदो माटो भए पनि प्रविधिको अभावले गर्दा माग धान्ने गरी उत्पादन गर्न नसकिएको यथार्थ छ । पछिल्लो समय कफीप्रति धेरै किसानको रुचि बढ्दै गएको भन्दै व्यवसायिकतातर्फ उन्मुख भएको देखिन्छ। सम्भावना प्रशस्त भएकाले युवालाई समेत कफी कृषितिर आकर्षण गर्न राज्यले कफी निती र विस्तारको लागि ठोस योजना बनाउनुपर्छ । कफीको उत्पादन वार्षिक रुपमा बढ्दै गए पनि यसले बजारको माग धान्न सकिएको छैन् ।

स्थानीय कफीले माग धान्न नसकेकोले आयातितले कफीले बजार लिएको छ । त्यस्तै आयातित कफी तुलनात्मकरुपमा घुलनसिल तथा स्वादिलो भएकोले यसको माग बढी हुने गरेको छ । सम्भावनाको हिसाबले नेपाल अराबिका जातको कफी खेतीको लागि अत्यन्तै महत्वपूर्ण मानिन्छ । किनकि कुनै पनि कृषि उत्पादनको लागि मुख्य तथा पाँच महत्वपूर्ण कुरा आवाश्यक पर्छ र ती सबै कुरा नेपालका मध्य पहाडी सबै जिल्लामा सजिलै उपलब्ध छन् तर यसको बारेमा जानकारी नहुँदा कस्तुरी हराएको मृग जस्तै बनिरहनुपरेको अवस्था छ ।